**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजश्व विभाग**
**आन्तरिक राजश्व कार्यालय दाङ**

## आर्थिक ऐन, २०८२ ले व्यवस्था गरेका छुट तथा सुविधा लिने सम्बन्धी सूचना

१. मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका करदाताहरुले २०८१ सालको चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र व्याजको पच्चिस प्रतिशत रकम २०८२ पुष मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी पचहत्तर प्रतिशत व्याज मिनाहा हुनेछ।

२. मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका करदाताहरुले २०८१ सालको चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिला गर्न मात्र बाँकी रहेको करदाताहरुले समेत बक्यौता कर र ब्याज वापतको पच्चिस प्रतिशत रकम २०८२ पुष मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी पचहत्तर प्रतिशत ब्याज मिनाहा हुनेछ ।

३. संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था वा यातायात सम्बद्ध संघ-संस्थालाई यस कार्यालयबाट २०८२ जेठ १५ भन्दा अघि कर निर्धारण भई बक्यौता रहेकोमा त्यस्तो करदाताले २०८२ पुष मसान्तभित्र बक्यौता रकम दाखिला गरेमा बाँकी ब्याज, शुल्क, थप दस्तुर र जरिवाना मिनाहा हुनेछ।

४. आय विवरण पेश नगरेको अवस्थामा यस कार्यालयबाट कर निर्धारण भए पश्चात् त्यस्तो व्यक्तिले सो आय वर्षको आय विवरण दाखिल गरी सो अनुसार कर रकम बुझाई सकेको भए वा आय विवरण बुझाउन बाँकी रहेको भएमा समेत २०८२ पुष मसान्तभित्र आय विवरण बुझाई सो अनुसार कर दाखिला गरेमा साविकमा कार्यालयबाट गरिएको संशोधित कर निर्धारण आदेश कार्यान्वयन गरिने छैन।

५. अन्तःशुल्क ऐन, २०५८ बमोजिम दर्ता भई मासिक रुपमा अन्तःशुल्क विवरण बुझाउनु पर्ने दायित्व भएको इजाजतपत्रवालाले २०८१ चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने अन्तःशुल्क विवरण, सो विवरण बमोजिम बुझाउनु पर्ने अन्तःशुल्क रकम र विलम्ब शुल्कको पचास प्रतिशत हुने रकम २०८२ पुष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना र बाँकी विलम्व शुल्क मिनाहा हुनेछ ।

६. अन्तःशुल्क ऐन, २०५८ बमोजिम दर्ता भई मासिक रुपमा अन्तःशुल्क विवरण बुझाउनु पर्ने दायित्व भएको इजाजतपत्रवालाले २०८१ चैत्र मसान्तसम्मको आफूले बुझाउनु पर्ने अन्तःशुल्क विवरण बुझाई अन्तःशुल्क दाखिला गर्न मात्र बाँकी रहेकोमा अन्तःशुल्क रकम र विलम्ब शुल्कको पचास प्रतिशत हुने रकम २०८२ पुष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना र बाँकी विलम्व शुल्क मिनाहा हुनेछ ।

७. उल्लिखित छुट तथा सुविधा प्राप्त गर्नका लागि आन्तरिक राजस्व विभागको वेवसाइट www.ird.gov.np मा रहेको निवेदन भरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. थप जानकारीका लागि फोन नं. ०८२-५२०००९, ५२०९४८, ५२०१७५, ५२२१०९, इमेल ठेगाना iro51@ird.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ ।